काठेखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ
गण्डकी प्रदेश, नेपाल

# काठेखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:८ संख्या:४ मिति: २०८२।०३।२३

## भाग-१

## काठेखोला गाउँपालिका

काठेखोला गाउँपालिकाको आर्थिक ऐन, २०८२

राजु थापा
अध्यक्ष

# काठेखोला गाउँपालिकाको आर्थीक ऐन, २०८२

सत्रौं गाउँसभाबाट पारित भएको मितिः- २०८२।०३।१०

**प्रस्तावनाः** काठेखोला गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा गैरकर एवं सेवा शुल्कको निर्धारण गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २० (१) बमोजिम काठेखोला गाउँपालिकाको सत्रौं गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"काठेखोला गाउँपालिकाको आर्थीक ऐन, २०८२"** रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि काठेखोला गाउँपालिकाको क्षेत्र भित्र लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर(छाप्रो), वा कुनै प्रकारको भवन संरचना पूरै आंशिक तवरले वहालमा दिएकोमा संझौता रकमको १०% को दरले र जग्गा वहालमा ५% को दरले जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन,. खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचिमा उल्लेख भए बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका साना सवारी साधनमा अनुसूचिमा उल्लेख भए बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा तोकिए बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा तोकिए बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका संरचनाहरुमा तोकिए अनुसारको बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत तोकिए बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवापत तोकिए बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (४) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट तोकिएको] दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।यो ऐनमा उल्लेख नभएको विषयमा गाउँकार्यपालिकाले गरेको निर्णय बमोजिम हुनेछ ।

राजु थापा
अध्यक्ष

## अनुसूची – १
### ऐनको दफा (२) संग सम्बन्धीत
### सम्पत्ति कर

| क्र. स. | मूल्यांकन उप-समूह | सूचक बिवरण | आ.व.२०८२/८३ को दर-रेट | कैफियत |
|---|---|---|---|---|
| १ | क वर्ग | आर सि सि घर राष्ट्रीय राजमार्गले छोएको | २००० | प्रति वर्गमिटर |
| | | आर सि सि घर गाउँपालिका स्तरीय सडकले छोएको | १८०० | प्रति वर्गमिटर |
| | | आर सि सि घर अन्य स्थान | १५०० | प्रति वर्गमिटर |
| २ | ख वर्ग | ढुङ्गा माटो , ढुङ्गा अथवा टिनले छाएको पलास्टर गरेको घर राष्ट्रीय राजमार्गले छोएको | १५०० | प्रति वर्गमिटर |
| | | ढुङ्गा माटो , ढुङ्गा अथवा टिनले छाएको पलास्टर गरेको घर गाउँपालिका स्तरीय सडकले छोएको | १२०० | प्रति वर्गमिटर |
| | | ढुङ्गा माटो , ढुङ्गा अथवा टिनले छाएको पलास्टर गरेको घर अन्य स्थान | १००० | प्रति वर्गमिटर |
| ३ | ग वर्ग | ढुङ्गा माटो , ढुङ्गा अथवा टिनले छाएको पलास्टर नगरेको घर राष्ट्रीय राजमार्गले छोएको | १००० | प्रति वर्गमिटर |
| | | ढुङ्गा माटो , ढुङ्गा अथवा टिनले छाएको पलास्टर नगरेको घर गाँउपालिका स्तरीय सडकले छोएको | ८०० | प्रति वर्गमिटर |
| | | ढुङ्गा माटो , ढुङ्गा अथवा टिनले छाएको पलास्टर नगरेको घर अन्य स्थान | ६०० | प्रति वर्गमिटर |
| ४ | घ वर्ग | बाकी सबै प्रकारका घर टहरा झुपडी | ५०० | प्रति वर्गमिटर |

### मुल्यांकन विवरण

| क्र.सं. | करयोग्य सम्पत्तिको मुल्य | बार्षिक दर |
|---|---|---|
| १ | पाँच लाख रुपैयासम्मको मुल्याङकनमा | एकमुष्ठ रु १०० (रु एक सय) |
| २ | ५ लाख देखी २० लाख सम्मको मुल्याङकनमा | प्रतिलाख रु ३५ (रु पैतिस) |
| ३ | २० लाख देखी ५० लाख सम्मको मुल्याङकनमा | प्रतिलाख रु ४० (रु चालिस) |
| ४ | ५०लाख देखी ७५ लाख सम्मको मुल्याङकनमा | प्रतिलाख रु ५० (रु पचास ) |
| ५ | ७५ लाख देखी १ करोड सम्मको मुल्याङकनमा | प्रतिलाख रु ६० (रु साठी ) |
| ६ | १ करोड भन्दा माथिको मुल्याङकनमा | प्रतिलाख रु ७० (रु सत्तरी ) |

राजु थापा
अध्यक्ष

७. घर बहाल करः- संझौता रकममा १०%

८. जग्गा बहाल/ लिज करः- संझौता रकममा ५%

## अनुसूची – २

### ऐनको दफा (३) संग सम्बन्धीत

### भुमि(मालपोत) कर

| क्र.सं. | करयोग्य सम्पत्तिको मुल्य | बार्षिक दर |
|---|---|---|
| १ | काठेखोला गाउँपालिकामा पर्ने राष्ट्रीय राजमार्गमा जोडिएको जग्गा | प्रति रोपनी रु २० (रु बिस) |
| २ | काठेखोला गाउँपालिकामा पर्ने गाउँपालिका स्तरीय सडकमा जोडिएको जग्गा | प्रति रोपनी रु १५ (रु पन्ध्र) |
| ३ | काठेखोला गाउँपालिकामा पर्ने अन्य सम्पुर्ण जग्गा | प्रति रोपनी रु १० (रु दस) |

## अनुसूची – ३

### ऐनको दफा (५) संग सम्बन्धीत

### व्यवसाय कर

| कं.सं | विवरण | बार्षिक दर |
|---|---|---|
| | **कपडा तथा फेन्सी पसल** | |
| १ | फेन्सी पसल (काचो कपडा सहितको ठूलो फेन्सी) दर्ता तथा नविकरण शुल्क | ३००० |
| २ | जुता पसल मात्र दर्ता तथा नविकरण शुल्क | २००० |
| ३ | सामान्य कपडा पसल दर्ता तथा नविकरण शुल्क | १००० |
| | **सूचना प्रविधि** | |
| १ | कम्प्युटर विक्रि तथा तालिम केन्द्र दर्ता तथा नविकरण शुल्क | ३००० |
| २ | कम्सूटर विक्रि तथा मर्मत सर्भिस दर्ता तथा नविकरण शुल्क | २००० |
| ३ | केवल टि. भी. तार सहित रहित दर्ता तथा नविकरण शुल्क | ५००० |
| ४ | इन्टरनेट सेवा प्रदायक कम्पनी दर्ता तथा नविकरण शुल्क | ७००० |
| ५ | नेपाल टेलीकम प्रतिटावर दर्ता तथा नविकरण शुल्क | ३००० |
| ६ | निजी कम्पनीका टेलीफोन प्रतिटावर दर्ता तथा नविकरण शुल्क | ३५०० |
| ७ | इन्टरनेट सामाग्री बिक्री तथा मर्मत पसल दर्ता तथा नविकरण शुल्क | १५०० |
| ८ | ब्यावसाय बन्द सिफारिस | ५०० |
| | **वित्तीय संस्थाहरु/मर्मत केन्द्र** | |
| १ | निजी बैंक क वर्ग प्रतिशाखा दर्ता तथा नविकरण शुल्क | १५,००० |
| २ | निजी बैंक ख वर्ग प्रतिशाखा दर्ता तथा नविकरण शुल्क | १२,००० |

| | | |
|---|---|---|
| ३ | निजी बैंक ग वर्ग प्रतिशाखा दर्ता तथा नविकरण शुल्क | ९,००० |
| ४ | लघु वित्त संस्था घ वर्गको बैंक समेत दर्ता तथा नविकरण शुल्क | ६,००० |
| ५ | बिमा कम्पनी शाखा वा सम्पर्क कार्यालय दर्ता तथा नविकरण शुल्क | ५,००० |
| ६ | दुध, तरकारी र फलफुल उत्पादक पालिका स्तरीय सहकारी दर्ता तथा नविकरण शुल्क | १,००० |
| ७ | दुध, तरकारी र फलफुल उत्पादक जिल्ला/प्रदेश स्तरीय सहकारी दर्ता तथा नविकरण शुल्क | १,५०० |
| ८ | अन्य सहकारी पालिका स्तरीय सेवाकेन्द्र समेत दर्ता तथा नविकरण शुल्क | १,५०० |
| ९ | अन्य सहकारी जिल्ला स्तरीय सेवाकेन्द्र समेत दर्ता तथा नविकरण शुल्क | २,००० |
| १० | अन्य सहकारी प्रदेश स्तरीय सेवाकेन्द्र समेत दर्ता तथा नविकरण शुल्क | ३,००० |
| ११ | निजि मनि ट्रान्सफर/बिदेशी मुद्रा सटही दर्ता तथा नविकरण शुल्क | १५०० |
| १२ | बैंक/ वित्तिय संस्थाका एक्सटेन्सन काउन्टर/शाखा रहित सेवाकेन्द्र गाउँपालिकामा सूचिकृत बैंकको हकमा दर्ता तथा नविकरण शुल्क | १,००० |
| १३ | बैंक/ वित्तिय संस्थाका एक्सटेन्सन काउन्टर/शाखा रहित सेवाकेन्द्र गाउँपालिकामा सूचिकृत नभएको बैंकको हकमा दर्ता तथा नविकरण शुल्क | २,००० |
| १४ | मोटरसाइकल वर्कसप दर्ता तथा नविकरण शुल्क | ५,००० |
| १५ | गाडि मर्मत ग्यारेज दर्ता तथा नविकरण शुल्क | ८,००० |
| | **पेय पदार्थ मदिरा तथा सुर्तीजन्य** | |
| १ | विक्रेता स्वदेशि ब्राण्ड मात्र दर्ता तथा नविकरण शुल्क | २,००० |
| २ | विक्रेता स्वदेशि र विदेशि ब्राण्ड समेत दर्ता तथा नविकरण शुल्क | ३,००० |
| ३ | सुर्तीजन्य तथा चुरोट मात्र विक्रि गर्ने दर्ता तथा नविकरण शुल्क | १००० |
| ४ | पेय पदार्थ, मदिरा र सुर्तिजन्य पदार्थ उत्पादक र विक्री समेत दर्ता तथा नविकरण शुल्क | ५००० |
| | **होटल तथा रेष्टुरेन्ट** | |
| १ | रिसोर्ट दर्ता तथा नविकरण शुल्क | १०,००० |
| २ | होटल १५ कोठा माथि (सबै प्रकारका मदिरा, पार्कीङ र सभाहल भएको ) दर्ता तथा नविकरण शुल्क | ५,००० |
| ३ | होटल ५ देखी १५ कोठा माथि (सबै प्रकारका मदिरा, पार्कीङ | ४,००० |

राजु थापा
अध्यक्ष

| | | |
|---|---|---|
| | र सभाहल भएको ) दर्ता तथा नविकरण शुल्क | |
| ४ | होटल ५ कोठा सम्म (सबै प्रकारका मदिरा, पार्कीङ र सभाहल भएको ) दर्ता तथा नविकरण शुल्क | २,५०० |
| ५ | साधारण लज/मोटल/गेष्ट हाउस दर्ता तथा नविकरण शुल्क | २,००० |
| ६ | पार्टी प्यालेस/टेन्ट हाउस/क्याटरीङ सेवा दर्ता तथा नविकरण शुल्क | ७,५०० |
| ७ | सामान्य भोजनालय/खाजाघर/साकाहारी भोजनालय दर्ता तथा नविकरण शुल्क | १००० |
| ८ | होमस्टे दर्ता | १०,००० |
| ९ | होमस्टे नविकरण | २,००० |
| | **कस्मेटिक एवं सौन्दर्यकला व्यवसाय** | |
| १ | सानो चुरा पसल टयाङ्की /टयाङकी छाप्रामा रहेका अन्य पसल दर्ता तथा नविकरण शुल्क | १,००० |
| २ | व्युटीपार्लर दर्ता तथा नविकरण शुल्क | १,५०० |
| ३ | हेयर कटिङ शैलुन स्वदेशीले संचालन गरेको दर्ता तथा नविकरण शुल्क | १,००० |
| ४ | हेयर कटिङ शैलुन बिदेशिले संचालन गरेको दर्ता तथा नविकरण शुल्क | २,००० |
| ५ | कस्मेटिक पसल खुद्रा समेत दर्ता तथा नविकरण शुल्क | १,५०० |
| | **स्वास्थ्य र सम्बन्धित क्षेत्र** | |
| १ | निजि अस्पताल/क्लिनिक दर्ता तथा नविकरण शुल्क | २,५०० |
| २ | नर्सिङ होम/पोलीक्लिनिक दर्ता तथा नविकरण शुल्क | २,००० |
| ३ | सामुदायीक अस्पताल दर्ता तथा नविकरण शुल्क | १,००० |
| ४ | आयुर्वेदीक औषधी पसल तथा सानो औषधी पशल दर्ता तथा नविकरण शुल्क | १,५०० |
| ५ | दन्त उपचार केन्द्र दर्ता तथा नविकरण शुल्क | ४,५०० |
| ६ | होलसेल औषधी पसल/फार्मेसी दर्ता तथा नविकरण शुल्क | ४००० |
| ७ | प्रयोगशाला दर्ता तथा नविकरण शुल्क | १५०० |
| | **अन्य क्षेत्र** | |
| १ | सामान्य किराना पसल दर्ता तथा नविकरण शुल्क | १,००० |
| २ | खाद्य तथा होलसेल स्टोर दर्ता तथा नविकरण शुल्क | ३,००० |
| ३ | भाडा पसल दर्ता तथा नविकरण शुल्क | ३,००० |
| ४ | इन्जिनियरिङ कन्सल्टेन्सी दर्ता तथा नविकरण शुल्क | ५००० |
| ५ | अडिटर कानुन व्यवसायी फर्म दर्ता तथा नविकरण शुल्क | ३००० |
| ६ | सेवा परामर्ष कन्टिन्जेन्सी शुल्क | १% |
| ७ | सहकारी संस्था नया दर्ता तथा आवद्धता शुल्क | ५००० |
| ८ | गहना पसल दर्ता तथा नविकरण शुल्क | १५०० |

राजु थापा
अध्यक्ष

| | | |
|---|---|---|
| ९ | हार्डवयर पसल दर्ता तथा नविकरण शुल्क | ४००० |
| १० | "घ" वर्गको नयाँ निर्माण व्यवसाय सुचिकृत शुल्क | १२,००० |
| ११ | निर्माण व्यवसाय नविकरण शुल्क | ५,००० |
| १२ | निमाण व्यवसायि प्रमाणपत्र प्रतिलिपी शुल्क | १,००० |
| १३ | टेलरीङ पसल दर्ता तथा नविकरण शुल्क | १,००० |
| १४ | टेलरिङ प्रशिक्षण केन्द्र दर्ता तथा नविकरण शुल्क | १,५०० |
| १५ | सामुदायिक वन सूचिकृत २० हेक्टर भन्दा ठूलो क्षेत्रफलमा | ५,००० |
| १६ | अन्य सामुदायिक वन सूचिकृत | ३,००० |
| १७ | व्यवसायिक आरन दर्ता/नविकरण | ५,०० |
| १८ | हेभी इक्युमेन्ट ठूलो एक्जाभेटर सुचिकृत | १०,००० |
| १९ | हेभी इक्युमेन्ट सानो ब्याकु लोडर सुचिकृत | ५,००० |
| २० | ट्याक्टर/ट्रिफर/ट्रक/बस सुचिकृत | २,५०० |
| २१ | जिप/भ्यान/पिक अप सुचिकृत | २,००० |
| २२ | गाउँपालिका भरीको कवाडी संकलन न्यूनतम शुल्क | ६५,००० |
| २३ | बिद्युतिय सामाग्री पसल दर्ता तथा नविकरण शुल्क | २००० |
| २४ | सवार साधनबाट घुम्ति व्यवसाय संचालन शुल्क | १५०० |
| २५ | अन्य सानो घुम्ति व्यवसाय संचालन शुल्क | ५०० |
| २६ | गाउँपालिका बाहिर बाट व्यवसायिक रुपमा बजाउन आउने बाजा समुह सुचिकरण शुल्क | १५०० |
| | **वन, कृषि पशुसेवा** | |
| १ | कृषि समुह/आमा/महिला/सांस्कृतिक/बाजा/अन्य समुह दर्ता/आबद्धता | १००० |
| २ | कृषि समुह/आमा/महिला/सांस्कृतिक/बाजा/अन्य समुह समुह नविकरण | ५०० |
| ३ | कृषि फर्म दर्ता/फलफुल फर्म/मौरिपालन फर्म/नर्सरी/बिउ उत्पादन केन्द्र/मह विक्रेता/फलफुल पसल | १००० |
| ४ | कृषि फर्म नविकरण | ५०० |
| ५.१ | समुह/फर्म दर्ता नगरेको जरिवाना (आ.व.२०८२/०८३ का लागि जरिवाना दस्तुर छुट गरिएको) | रु. १०० प्रतिवर्ष |
| ५.२ | फुल उत्पादन तथा विक्रि/माछापालन एवं विक्री दर्ता तथा नविकरण शुल्क | १००० |
| ६ | पोल्ट्री फर्म (१००० कुखुरा भन्दा धेरै पाल्ने) दर्ता तथा नविकरण शुल्क | २००० |
| ७ | पोल्ट्री फर्म सानो दर्ता तथा नविकरण शुल्क दर्ता तथा नविकरण शुल्क | १००० |
| ८ | गाई/भैसी/बाखा/बंगुर फर्म दर्ता तथा नविकरण शुल्क | १००० |
| ९ | भेटेनरी पसल दर्ता तथा नविकरण शुल्क | १००० |

| | | |
|---|---|---|
| १० | दाना फिड्स सप्लायर्स दर्ता तथा नविकरण शुल्क | १५०० |
| ११ | जडिबुटी व्यवसाय (बैद्य तथा घरेलु उपचार) दर्ता तथा नविकरण शुल्क | १००० |
| १२ | चिया खेती दर्ता तथा नविकरण शुल्क | १००० |
| १३ | पशु पंक्षि बधशाला दर्ता तथा नविकरण शुल्क | २००० |
| १४ | मासु पसल दर्ता तथा नविकरण शुल्क | १५०० |
| १५ | कृषि तथा फल्फुलजन्य उत्पादनको खरिदकर्ताको व्यवसाय सूचिकरण शुल्क | ५०० |
| १६ | कृषि तथ्रा फल्फुलजन्य उत्पादनको निकासीमा लाग्ने शुल्क प्रति के जी | १ |
| १७ | मासुजन्य खसि/बोका/बाख्रा निकासीमा लाग्ने शुल्क प्रतिगोटा | १०० |
| १८ | मासुजन्य राँगा/भैषी निकासीमा लाग्ने शुल्क प्रतिगोटा | ३०० |
| १९ | मासुजन्य हाँस कुखुरा निकासीमा लाग्ने शुल्क प्रतिगोटा | २० |
| | **उद्योग/सेवामुलक/खनिज** | |
| १ | फर्निचर तथा फर्निसिङ दर्ता तथा नविकरण शुल्क | ३००० |
| २ | कुटानी पिसानी मिल ठूलो दर्ता तथा नविकरण शुल्क | १५०० |
| ३ | कुटानी पिसानी मिल सानो दर्ता तथा नविकरण शुल्क | ५०० |
| ४ | क्रसर तथा ब्लक उद्योग दर्ता तथा नविकरण शुल्क | ५००० |
| ५ | ढुङ्गा, गिटि बालुवा निर्माण सामाग्री उत्पादक दर्ता तथा नविकरण शुल्क | २५०० |
| ६ | मेटल एवं ग्रील उद्योग दर्ता तथा नविकरण शुल्क | ३००० |
| ७ | पाउरोटी/बेकरी/चाउमिन/दालमठ /बिस्कुट/नमकिन उद्योग दर्ता तथा नविकरण शुल्क | २००० |
| ८ | मैनबत्ती/अगरबत्ती उद्योग दर्ता तथा नविकरण शुल्क | १००० |
| ९ | हेन्डिक्राफ्ट/हाते ब्लक उद्योग/ घरेलु उद्योग दर्ता तथा नविकरण शुल्क | १००० |
| १० | अटोरिक्सा सूचिकरण तथा नविकरण रुट (क ख ग) | १२०० |
| ११ | अटोरिक्सा सूचिकरण तथा नविकरण रुट (क ख ग र मध्ये पहाडि लोकमार्ग क्षेत्र | २००० |
| १२ | विद्यूतीय चार्जिङ स्टेशन दर्ता तथा नविकरण | २५०० |
| १३ | गाउँपालिका क्षेत्रभित्र ढुङ्गा, गिटी, बालुवा निकासी कर | प्रदेश कानून बमोजिम |
| | **शिक्षण संस्थाहरु** | |
| १ | संस्थागत विद्यालय (१-५ कक्षा सम्म) संचालित दर्ता तथा नविकरण शुल्क | ४००० |
| २ | संस्थागत विद्यालय (५-१२ कक्षा सम्म) संचालित दर्ता तथा नविकरण शुल्क | ६००० |

राजु थापा
अध्यक्ष

| | | |
|---|---|---|
| ३ | संस्थागत मन्टेश्वरी दर्ता तथा नविकरण शुल्क | ३००० |
| ४ | निजि होस्टेल तथा ट्युसन सेन्टर दर्ता तथा नविकरण शुल्क | २५०० |
| ५ | ड्राईभिङ इन्सटिच्युट दर्ता तथा नविकरण शुल्क | ३००० |
| ६ | भाषा कक्षा /भाषा तालिम दर्ता तथा नविकरण शुल्क | १५०० |
| ७ | प्राविधिक सिप विकास तालिम केन्द्र दर्ता तथा नविकरण शुल्क | १५०० |
| ८ | कुनैपनि व्यवसाय नविकरण नगरेको जरिवाना प्रतिवर्ष | दर्ता शुल्कको ३०% |

अनुसूची – ४

ऐनको दफा (१३) संग सम्बन्धीत

**सेवा शुल्क, दस्तुर**

| क्र.सं. | विवरण | आ.व. ८२/८३ को दर |
|---|---|---|
| १ | कन्सुलर प्रमाणित प्रतिपेज | ७०० |
| २ | ब्याक्तिगत घटना दर्ता ३५ दिन कटेको | २०० |
| ३ | उद्योग ठाउँसारी सिफारिस | ५०० |
| ४ | नाता प्रमाणित दस्तुर | ३०० |
| ५ | घर नक्सा सिफारिस | २०० |
| ६ | अस्थाइ बसोवास सिफारिस | २०० |
| ७ | नागरिकता सिफारिस | २०० |
| ७.१ | गैर आवाशिय नागरिकता सिफारिस | १,००० |
| ८ | नागरिकता प्रतिलिपी सिफारिस | ५०० |
| ८.१ | विवाहित महिलाले पतिको नाम कायम गर्ने प्रतिलिपी सिफारिसको हकमा | २०० |
| ९ | अंगिकृत नागरिकता सिफारिस | १००० |
| १० | नावालक परिचय पत्र सिफारिस (अति विपन्न र अपाङ्गता भएका व्यक्तिको हकमा निशुल्क) | ५०० |
| ११ | आर्थिक अबस्था बलियो वा सम्पन्नताको सिफारिस | ५०० |
| १२ | विधुत जडान सिफारिस | २०० |
| १३ | धारा जडान सिफारिस | २०० |
| १४ | दुइ नाम गरेको ब्याक्ति एकै हो भन्ने प्रमाणित तथा फरक जन्ममिती संशोधन सिफारिस | २०० |
| १५ | कोट फि मिनाहा रसिद | २०० |
| १६ | मोहि कट्टा सिफारिस | २०० |
| १७ | चौपाया सम्बन्धी सिफारिस प्रतिगोटा | २०० |
| १८ | आन्तरिक बसाँइसराँइ गाउँपालिका भित्र सिफारिस | २०० |

| | | |
|---|---|---|
| १९ | निजि विद्यालय संचालन स्विकृति तथा कक्षा बृद्धि सिफारिस | ३००० |
| २० | ब्यात्तिगत बिवरण, जग्गा दर्ता, सिफारिस | २०० |
| २१ | संरक्षकको सिफारिस ब्यात्तिगत तथा संस्थागत | २०० |
| २२ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | १००० |
| २३ | जिवितसँगको नाता प्रमाणित तथा मृतकसँगको नाता प्रमाणित सिफारिस | २०० |
| २४ | कोठा खोल्ने कार्य तथा रोहवरमा बस्ने कार्यको सिफारिस शुल्क | २०० |
| २५ | घर कायम सिफारिस | २०० |
| २६ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाइ पठाउने कार्य | २०० |
| २७ | संस्था दर्ता सिफारिस | १००० |
| २८ | संस्था नविकरण सिफारिस | ५०० |
| २९ | घर बाटो मोटरबाटोले छोएको प्रमाणित सिफारिस | ३०० |
| ३० | घर बाटो सिफारिस अन्य | २०० |
| ३१ | जन्म प्रमाणिकरण सिफारिस | ५०० |
| ३२ | विवाह प्रमाणित सिफारिस | ५०० |
| ३३ | अविवाहित /अन्य पारिवारिक विवरण प्रमाणित सिफारिस | ५०० |
| ३४ | चारकिल्ला प्रमाणित सिफारिस | २०० |
| ३५ | घर पाताल प्रमाणित सिफारिस | २०० |
| ३६ | कागज मञ्जुरीनामा प्रमाणित सिफारिस | २०० |
| ३७ | हकवाला वा हकदार प्रमाणित सिफारिस | २०० |
| ३८ | जग्गा रेखाङ्कन कार्य तथा सो कार्यमा रोहवर | २०० |
| ३९ | जग्गाधनि पुर्जा हराएको सिफारिस | २०० |
| ४० | अंग्रेजी सिफारिस तथा प्रमाणित | २०० |
| ४१ | अन्य सिफारिस तथा प्रमाणित | २०० |
| ४२ | स्थानिय तह बाहिर जाने बसाइसराई सिफारिस | १५०० |
| ४३ | घटना दर्ता प्रतिलिपी सिफारिस | ५०० |
| ४४ | जिवित रहेको सिफारिस | २०० |
| ४५ | वडा मुचुल्का | ५०० |
| ४६ | बिद्यालयहरुको लेखा परिक्षक सुचिकृत दस्तुर | १००० |
| ४७ | सहकारी संस्थाहरुको लेखा परिक्षक सुचिकृत दस्तुर | ५०० |
| ४८ | पुर्जामा घर कायम सिफारिस | २०० |
| ४९ | मेलमिलापकर्ता सूचिकरण शुल्क | ५०० |
| ५० | बिषय बिज्ञ सुचिकृत मा बि | १५०० |
| ५१ | बिषय बिज्ञ सुचिकृत आधारभुत | १००० |
| ५२ | विपन्न विद्यार्थि छात्रबृति सिफारिस | २०० |
| ५३ | अति विपन्न सिफारिस (न्युन आय भएका ) | निशुल्क |
| ५४ | आर्थिक विपन्नता सिफारिस | २०० |

राजु थापा
अध्यक्ष

राजु थापा
अध्यक्ष

| | | |
|---|---|---|
| ५५ | स्थायि बसोवास सिफारिस | २०० |
| ५६ | सम्पत्ती मुल्याङ्कन सेवा शुल्क | ०.२% |
| ५७ | नामसारी सिफारिस | १००० |
| ५८ | हकवाला सिफारिस | ५०० |
| ५९ | पञ्जिकरण दर्ता रजिस्टर निरिक्षण बापत दस्तुर | २०० |
| ६० | मालपोत रसिद तथा अन्य रसिद प्रतिलिपि दस्तुर | ५० |
| ६१ | घटना दर्ताको प्रतिलिपी दस्तुर | ५०० |
| ६२ | घर सारको सामाग्री सार्ने सिफारिस | ५०० |
| ६३ | मालपोत नतिरेको जरिवाना दस्तुर | १०% |
| ६४ | न्यायीक समिति मुद्दा दर्ता ( अपाङ्ग र अति विपन्नलाई निशुल्क) | १०० |
| ६५ | मुल तथा मुहान दर्ता | १५०० |
| ६६ | जातिय पहिचान सिफारीस | २०० |
| ६७ | जग्गा धनि प्रमाण पुर्जा हराएको सिफारिस | २०० |
| ६८ | एक वडाबाट अर्को वडामा हुने रुख/काठ निकासी शुल्क प्रतिट्याक्टर | ५०० |
| ६९ | तम्सुक रोहवरमा सेवा शुल्क | २०० |
| ७० | घर निर्माण (पक्की बाहेक ) अनुमती सिफारिस दस्तुर | २०० |
| ७१ | रुख कटानीका लागि सिफारिस शुल्क ५० वटा रुख सम्म | १००० |
| ७१.१ | रुख कटानीका लागि सिफारिस शुल्क १०० वटा रुख सम्म | १५०० |
| ७१.२ | रुख कटानीका लागि सिफारिस शुल्क १५० वटा रुख सम्म | २००० |
| ७१.३ | रुख कटानीका लागि सिफारिस शुल्क २०० वटा रुख सम्म | २००० |
| ७१.४ | रुख कटानीका लागि सिफारिस शुल्क २०० भन्दा माथी वटा रुख सम्म | ३००० |
| ७१.५ | वडा कार्यालयबाट सिफारिस भइ आएका काठ दाउरा निकासी शुल्क प्रति ट्रक/ट्याक्टर | ५०० |
| ७१.६ | वडा कार्यालयबाट सिफारिस नभएका काठ दाउरा निकासी शुल्क प्रति ट्रक/ट्याक्टर | २००० |
| ७२ | नक्सापास तथा घर संरचना अभिलेखीकरण दस्तुर प्रति वर्ग फिट | ५ |
| ७३ | बस्तु तथा सामाग्रीको निकासीका लागि सिफारिस शुल्क | १,००० |
| ७४ | आधारभुत तहको शिक्षक नियुक्ति अभिलेखिकरण शुल्क | ७०० |
| ७५ | माध्यमिक तहको शिक्षक नियुक्ति अभिलेखिकरण शुल्क | १,००० |
| ७६ | काठेखोला गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाको आफ्नो योजना उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरूमा गा.पा. को डोजर सेवा शुल्क इन्धन बाहेक प्रतिघण्टा | रु १००० र इन्धन सहित रु २५०० |
| ७७ | काठेखोला गाउँपालिका क्षेत्रभित्र अन्य निकाय तथा ठेक्का पट्टा मार्फत सञ्चालित योजनाहरूमा वा व्यक्तिगत प्रयोजनमा गा.पा. को डोजर सेवा शुल्क इन्धन बाहेक प्रतिघण्टा | प्रतिघण्टा रु १३०० र इन्धन सहित रु २८०० |

राजु थापा
अध्यक्ष

| | | |
|---|---|---|
| ७८ | अमिन सेवा शुल्क | रु. १,००० |
| ७९ | घर/संरचना अभिलेखिकरण आवेदन दस्तुर | रु. १,००० |
| ८० | शिलबन्दी दरभाउपत्र खरिद शुल्क | रु. १००० |
| ८१ | गाउँपालिकाको सभाहल शुल्क प्रतिदेन | रु. १,००० |
| ८२ | वडा कार्यालयहरुको सभाहल शुल्क प्रतिदिन | रु. ५०० |

प्रमाणिकरण मितिः- २०८२।०३।२३

आज्ञाले,
चूर्ण बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत

राजु थापा
अध्यक्ष